# बालएकाङ्की/बालनाटक

## कृष्णप्रसाद पराजुली

### १. *इन्द्रिनी*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-शृङ्खला अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६२, पृष्ठ-८०, मूल्य-अनुल्लिखित; चित्र-सूर्यनारायण श्रेष्ठ ।

सात एकाङ्की । शीर्षक-भविष्यका तारा, आजको ताजा खबर, कान्छो घर्ती छिँडीमा, जागरण, छोरीले पनि पढ्नुपर्छ, नयाँ वर्ष कसरी मनाउने ?, आमाको महिमा । सङ्ग्रहका अघिल्ला चार एकाङ्की मञ्चित भइसकेका नाटक हुन् । सङ्ग्रहका नाटकहरूमध्ये दुईवटा दुई दृश्यमा र अरू सबै एक दृश्यका छन् । अधिकांशमा बालपात्रपात्रा छन्, केहीमा प्रौढ पात्रपात्रा पनि देखिन्छन् । यी छोटा नाटकहरूले बानी राम्रो हुनुपर्छ, साथीलाई कहिले बिर्सन हुँदैन, मागेर खानुहुन्न, मिहिनेतबाट कमाएर खानुपर्छ, छोरीलाई पढाउनुपर्छ, चाडपर्वहरू फजुल खर्च गरेर मनाउनुभन्दा रचनात्मक कार्य गरेर मनाउनुपर्छ भन्ने शिक्षा दिन्छन् । साथै दुईवटा नाटकमा नेपाली ग्रामीण समाजमा विद्यमान शोषणको चित्रण गर्दै त्यस्तो शोषणको समाप्तिका लागि अग्रसर हुन आह्वान गरिएको छ । नाटकहरूमा छोटा वाक्य र सरल शब्दको प्रयोग गरिएको छ ।

## छायादत्त न्यौपाने

### १. *बालदिवस*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-बगलामुखी अफसेट प्रेस, ललितपुर; पहिलो संस्करण-२०६३ भाद्र, पृष्ठ-६४, मूल्य-रु.४०।-; चित्र-उमेशचन्द्र अधिकारी ।

नौ बालएकाङ्की । शीर्षक-नाति जन्मेपछि, अब यसतो नगर्नुस् है ?, कोठाभरि उज्यालो, केटाकेटी मुस्कुराउँछन्, 'साथी, साथीलाई', एक हातले ताली बज्दैन, ताप्के नताती बींड तात्दैन, सही बाटामा हिँड्छु, बालदिवस । लेखकीय र प्रकाशकीय नभएको । प्रस्तुत सङ्ग्रहका बालएकाङ्कीहरूले ठूलालाई सम्मान गर्नुपर्ने, कुलतमा लाग्न नहुने, सबैले शिक्षाको अवसर पाउनुपर्ने र कुनै पनि समस्याको समाधान सबैको सल्लाहबाट गर्नुपर्नेजस्ता सन्देश दिएका छन् । सिनेमा र टेलिभिजनको प्रयोगबारे पनि एकाङ्कीमा सचेत गराइएको छ । *कोठाभरि उज्यालो* सङ्ग्रहकै सबैभन्दा राम्रो एकाङ्कीको रूपमा रहेको छ । नाटकको परिवेश गाउँघर, विद्यालय र घरपरिवार छन् । संवाद छोटा र सरल भए पनि उमेरअनुसार भने देखिन्न । दुइटाबाहेक अन्य एकाङ्कीमा एक दृश्य मात्र छन् ।

## जयराज रेग्मी

### १. *हामीले पनि पढ्न पाउने भयौँ*

प्रकाशक-एसिया पब्लिकेसन्स, काठमाडौँ; मुद्रक-हिमकोली-नेपाल, काठमाडौँ; पहिलो संस्करण-२०५८, पृष्ठ-१०२+२६=१२८, मूल्य-रु.६५।-; चित्र-नभएको; सम्पादन-डा.भूपहरि पौडेल ।

मौलिक तेह्र र अनूदित छ गरी उन्नाइस बालनाटक । शीर्षक-**मौलिक**-आज श्रीपञ्चमी, सवरीको भक्ति, साँचो बोल्नुपर्छ, शरीरदान, दिदीबहिनीहरूको खेल, मेरो छोरो चोर छैन, बल्ल घैँटामा घाम लाग्यो, गोठाला हुन नपर्ने भो, अब पो कुरो बुझेँ, बकबक गर्नेले काम गर्दैन, अक्कल, रिकापीभरिको हलुवा, कान्छीको खुसी, **रूपान्तरित तथा अनूदित**-सतीशको बुद्धिमानी, उपहार, दाजुभाइमा प्रेम, जस्तालाई तस्तै, सम्झने शक्ति, परीक्षा । नाटकका विषयवस्तु केही धार्मिक, केही पौराणिक र केही सामाजिक छन् । सबै नाटकले केही न केही सन्देश दिएका छन् । मञ्चन गर्न उपयुक्त यी नाटकहरूमा विषयवस्तुअनुरूप

भाषा, संवाद, दृश्यविधान र शैलीको प्रयोग भएको छ । नाटकहरू रोचक छन् ।

## दिनेश अधिकारी

### *१. जङ्गलको कथा : जङ्गलको व्यथा*

प्रकाशक-विश्व वन्यजन्तु कोष नेपाल कार्यक्रम, काठमाडौँ; मुद्रक-भेराइटी प्रिन्टर्स, काठमाडौँ; पहिलो संस्करण-२०५८ मङ्सिर, पृष्ठ-२९+७=३६, मूल्य-अनुल्लिखित; चित्र-देवेन्द्र पाण्डे ।

यो गीतिनाटक वन्यजन्तु र वातावरणका विषयमा लेखिएको छ । नाटकमा रूखदेवी, फलदेवी, बाँदर, घोरल, हरिण, हरिणी, हरिणका बच्चाहरू, बँदेल, जरायो, खरायो, मयूरका साथै तीनजना मान्छेलाई पात्रका रूपमा उभ्याएर उनीहरूका माध्यमबाट वातावरणीय सचेतता जगाउने प्रयास गरिएको छ ।

## रमेश विकल

### *१. सात थुँगा*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०३७; दोस्रो संस्करण-२०५८, पृष्ठ-४१+७=४८, मूल्य-रु.३६।-; चित्र-टेकवीर मुखिया ।

सात एकाङ्की । शीर्षक-शम्भु दाइ निर्दोष छ, देवदूतको मद्दत, किसान र बाघ, गीता भेट्टिई, ऊ हाम्रो साथी हो, सिद्धार्थको करुणा, नदेखिने दान । सङ्ग्रहका एकाङ्कीहरूमध्ये *किसान र बाघ* लोककथा र *सिद्धार्थको करुणा* पौराणिक कथामा आधारित छन् । बढीमा तीन दृश्य र अधिकतम पात्रपात्रासङ्ख्या सातसम्म रहेका यस सङ्ग्रहका अन्य एकाङ्की मौलिक हुन् । सबै एकाङ्की शिक्षाप्रद छन् । छोटा र सरल भएकाले यी एकाङ्कीहरू प्रदर्शन गर्न पनि सकिने किसिमको छ । सरल भाषा, छोटा वाक्यहरू र थोरै र बालपात्रहरू यस कृतिका विशेषता हुन् ।

### *२. अब तिमी नरोऊ किरण*

प्रकाशक-साझा प्रकाशन; मुद्रक-साझा प्रकाशनको छापाखाना, ललितपुर; पहिलो संस्करण-२०५९, पृष्ठ-४२+६=४८, मूल्य-रु.३७।-; चित्र-रवीन्द्र भट्टराई ।

पाँच बालनाटक । शीर्षक-आमा ! मेरी आमा, अब तिमी नरोऊ किरण,

माया दी ! मलाई पनि स्कुल लैजानोस् है !, हराएका आमाबाबु, राजाबाबु । न्यूनतम एक र अधिकतम तीन दृश्यमा विभाजित यी नाटकहरू बेग्लाबेग्लै भए पनि पात्रको नाममा देखाइएको समानताले गर्दा एउटै शृङ्खलामा आबद्धझैँ लाग्छन् । बालबालिकाहरूलाई नै पात्रका रूपमा देखाइएकाले यी नाटक प्रभावकारी भएका छन् । सामाजिक कथावस्तु, सरल र बोलीचालीको भाषा, मनोरञ्जनात्मक प्रस्तुति र शिक्षाप्रद विषयका कारण नाटक बालबालिकाका लागि रुचिपूर्ण र प्रेरणादायी समेत हुन पुगेका छन् ।

### ३. *हराएको चिठी*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-बङ्गलमुखी अफसेट प्रेस; पहिलो संस्करण-२०६४ साउन, पृष्ठ-७६, मूल्य-रु.५०।-; चित्र/आवरण-युवक श्रेष्ठ ।

सात नाटक । शीर्षक-एउटा कुरो नि !, के ल्याउँ हजूर ? जेरी, स्वारी, तरकारी ?, ऊ ज्ञानी भैहाल्छ नि, हजुरआमा भन्नुहुन्थ्यो-एका देशमा, हराएको चिठी, राजा हिमवन्तको निसाफ, डा.सर्वज्ञमान एन.के. । यी नाटकहरूमध्ये *हिमवन्तको निसाफ* किङ सलिमको रूपान्तरण र *डा.सर्वज्ञमान एन.के.* विदेशी भाषाबाट स्वतन्त्र रूपान्तरण गरिएको कृतिमा उल्लेख छ । *डा.सर्वज्ञमान* शीर्षकमा विकलले कथा पनि लेखेका छन् र सो कथा **मलाई किताब मनपर्छ** शीर्षक बालकथासङ्ग्रहमा रहेको छ ।

## रामप्रसाद ज्ञवाली

### १. *सम्पत्ति*

प्रकाशक-जम्को प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०६३ भाद्र, पृष्ठ-५६, मूल्य-रु.३५।-; चित्र-उमेशचन्द्र अधिकारी ।

पाँच एकाङ्की । शीर्षक-बडा दसैँ, सफा वातावरण : स्वस्थ जीवन, भानुभक्तको काठमाडौँ भ्रमण, सम्पत्ति, रहस्य । सामाजिक विषयवस्तुमा आधारित यी बालएकाङ्कीहरूका माध्यमबाट बालबालिकाले नेपाली संस्कृति, वातावरणबाट स्वास्थ्यमा पर्ने प्रभाव, काठमाडौँको वर्तमान स्थितिलाई चित्रण गरेका छन् । सरल र सामान्य घटनाबाट उठान गरी लेखिएका यी बालएकाङ्कीहरू आकारका दृष्टिले छोटा छन् । सरल संवाद र स्पष्ट भाषाका कारण कथाहरू रमाइला हुन

पुगेका छन् । मञ्चनका दृष्टिले पनि यी एकाङ्कीहरू उपयुक्त छन् ।

## विजय चालिसे

### *१. बादलका बुट्टाहरू*

प्रकाशक-नेपाल बालसाहित्य समाज, काठमाडौँ; मुद्रक-अफिस सपोर्ट सर्भिस सेन्टर छापाखाना प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०५२, पृष्ठ-४०, मूल्य-रु.३०।-; चित्र-वीरेन्द्रप्रताप सिंह ।

चार बालनाटक । शीर्षक-बुद्धिमान् न्यायाधीश, गुग्लिएल्मो मार्कोनी, अल्बर्ट आइन्स्टाइन, राजा मिदास । लेखकीय र प्रकाशकीय नभएको । चार नाटकमध्ये अघिल्ला दोस्रो र तेस्रो दुई विश्वप्रसिद्ध वैज्ञानिकको बालजीवनमा आधारित छन् । अन्य दुइमध्ये *बुद्धिमान् न्यायाधीश*ले सही न्याय दिनुपर्ने र *राजा मिदास*ले बढी लोभ गर्नुहुँदैन भन्ने शिक्षा दिएको छ । बालबालिकाको रुचिअनुकूलका प्रेरणादायी विषयवस्तु, सरल-स्पष्ट संवाद, सरल भाषा र थोरै पात्रपात्रा यस नाटकसङ्ग्रहका विशेषता हुन् ।

## शारदारमण नेपाल

### *१. हाम्रो अभियान*

प्रकाशक-सिर्जनशील प्रकाशन, काठमाडौँ; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०५८ जेठ, पृष्ठ-५२, मूल्य-रु.२२।-; चित्र-युवक श्रेष्ठ; आवरण-के.के.कर्माचार्य ।

एउटा नाटक । चार दृश्यमा विभाजित । यस नाटकमा संस्कृतिको संरक्षणका नाममा बोझ बन्दै गएका चाडपर्वहरूलाई परम्पराभन्दा भिन्न तरिकाले सुधार गरेर मनाइनुपर्ने सन्देश दिइएको छ । यस नाटकको विषयवस्तु उपयोगी, महत्त्वपूर्ण र समयानुकूल भए पनि लामा-लामा संवाद र बालबालिकाको स्तरभन्दा माथिल्लो तहको भाषाको प्रयोग गरिएकोले बोझिलो हुन पुगेको छ । नाटकले सामाजिक रूपान्तरणका पक्षमा वकालत गरेको पाइन्छ ।

### *२. खलाँती बाजे*

प्रकाशक-विवेक सिर्जनशील प्रकाशन प्रालि, काठमाडौँ; मुद्रक-इन्द्रेणी अफसेट प्रेस, काठमाडौँ; पहिलो संस्करण-२०५९ जेठ, पृष्ठ-२४, मूल्य-रु.१२।-; चित्र-युवक श्रेष्ठ; आवरण-के.के.कर्माचार्य ।

तीन बालनाटक । शीर्षक-खलाँती बाजे, रमेश सरको जादू, कुरैकुरा । छुवाछूत र भेदभावविरुद्ध जनचेतना जगाउने, आमाबाबु र अभिभावकहरूको व्यवहार नै केटाकेटीले सिक्ने हुनाले सोहीअनुरूप व्यवहार गर्नुपर्ने र धर्मका नाममा हुने गरेका अनावश्यक कामलाई रोक्नुपर्ने सन्देश यस सङ्ग्रहका नाटकहरूले दिएका छन् । नेपाली समाजका यथार्थबारे जानकारी दिन यो कृति सफल छ । तर यसको संवाद र भाषा अघिल्लो कृतिझैँ बालबालिकाको स्तरअनुरूप हुन सकेको छैन ।

### *३. अठोट*

प्रकाशक-एकता प्रकाशन, काठमाडौँ; मुद्रक-मोनाज अफसेट प्रेस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६१, पृष्ठ-४८, मूल्य-रु.३५।-; चित्र-कीर्तिकौशल जोशी; सम्पादन-केशव सुवेदी ।

आठ लघुनाटक । शीर्षक-हजुरबाको पाठ, अठोट, नानीको बजारयात्रा, अर्काको रचना, पक्षपात, जे.आर.सर, लागेको बानी, छोराको घर । यसमा भएका नाटकहरू स-साना घटनाहरूलाई आधार बनाएर लेखिएका छन् । हाम्रा घरपरिवार, विद्यालयमा हुने तर वास्ता नगरिने त्यस्ता घटनाको असर कति हुन्छ भन्ने कुरा यी नाटकबाट थाहा पाइन्छ । केटाकेटीलाई गाली गरेर नभई राम्रो व्यवहारबाट सही बाटोमा ल्याउन सकिन्छ, घरमा ठूला आवाजले पूजापाठ, कुरा गर्दा बालबालिकाको पढाइमा बाधा पुग्छ, छोराछोरीबीच विभेद गर्नुहुँदैन, बालबालिकालाई राम्रो व्यवहार गर्नुपर्छ, विद्यार्थीलाई पिटेर नभई सम्झाएर पढाउनुपर्छभन्ने सन्देश यी नाटकहरूमा पाउन सकिन्छ । विशेषगरेर ८ देखि १४ उमेरसमूहका बालबालिकालाई ध्यानमा राखेर यो नाटक तयार गरिएको हो ।

## श्यामदास वैष्णव

### *१. शैक्षिक-नाटक*

प्रकाशक-प्रकाशन सहयोगी परिवार; मुद्रक-नेपाल युनिभर्सल प्रिन्टिङ हाउस प्रालि, काठमाडौँ; पहिलो संस्करण-२०६३ फागुन, पृष्ठ-८१+५=८६, मूल्य-रु.१२५।-; चित्र-नभएको; आवरण-अग्निराज पौडेल 'अराप' ।

सत्र लघु बालनाटक । शीर्षक-अगुल्टो, पैसाको चुम्बक, कुरा गर्ने चरा, उडेको चरा, चङ्खेको हुर्मत, सस्ताको खोजी, धेरैको नापो, लक्ष्मीको बास, उल्टो

बाजी, दुई उल्लूहरू, मूसेकाजी, को हुस्सू, बिजायँ सजायँ, असल कमसल, चाहिने नचाहिने कुरा, डोको, बझौटे छोरो । 'बाल तथा विद्यार्थीहरूका लागि' भनिएको । मनोरञ्जन र सन्देशमूलक । नेपाली लोकजीवनमा प्रचलित कथा र भनाइहरूमा आधारित यी बालनाटकहरूको विशेषता यसको प्रस्तुति हो । छोटा तर प्रभावपूर्ण संवादका कारण नाटक रोचक र मीठा लाग्छन् । नाटकमा हास्यको पुट प्रशस्त भेटिन्छ । त्यसैले बालबालिकाका लागि यो मनोरञ्जनपूर्ण पनि हुन पुगेको छ । नाटकले केही न केही सन्देश दिएकै छन् ।

## सरूभक्त

### १. *बालबालिकाहरूका नाटक*

प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ; मुद्रक-माडर्न दीपक प्रेस, वाराणसी, भारत; पहिलो संस्करण-२०५३, पृष्ठ-५९+५=६४, मूल्य-रु.२५।-; चित्र-अनुल्लिखित ।

तीन नाटक । शीर्षक-भ-भ-भ-भ-भूत, यती, खेल । लेखकीय र प्रकाशकीय दुवै नभएको । सङ्ग्रहका तीनवटै नाटक पदयात्राका पृष्ठभूमिमा लेखिएका छन् । सङ्ग्रहको दोस्रो नाटक *यती* हिमाली लोककथामा आधारित छ भने अन्य दुई नाटकमा साधारण विषयलाई नाटकीकरण गरिएको छ । साधारण विषयबाट उठान गरिएका तीनोटै नाटकमा बालपात्रपात्राहरू नै अत्यधिक हुनाले बालरुचिअनुकूल भए पनि नाटकमा लामा-लामा संवाद र गाह्रा शब्दावली भने बालबालिकाले पचाउन सक्ने देखिन्न ।

## सौरभकिरण श्रेष्ठ

### १. *पेटुपेन-मेरो असल साथी*

प्रकाशक-प्रतिभारश्मि प्रकाशन; मुद्रक-अनुल्लिखित; पहिलो संस्करण-२०६३ माघ, पृष्ठ-३६+४=४०, मूल्य-रु.४०।-; चित्र-काष्ठमण्डप आर्ट; नाट्य परिकल्पना-सरोज अर्याल ।

एउटा बालनाटक । बाह्र पात्रपात्रा । सम्भवतः यो नेपाली बालनाटकका क्षेत्रको पहिलो कार्टुन बालनाटक हो । यसको प्रमुख पात्र कलमलाई कार्टुन पात्रको रूपमा उभ्याइएको छ । यो नाटकको विशेषताचाहिँ यसले दिने समसामयिक सन्देश नै हो । जातिगत भेदभावविरुद्ध चेतना जगाउनु, बालविवाहको विरोध गर्नु र बालबालिकाको समस्याको उचित समाधानमा जोड दिनु यस नाटकको

अभीष्ट देखिन्छ । वास्तवमा यो नाटकले बालअधिकारको पक्षमा वकालत गरेको छ । बीचबीचमा गीतहरू हालेर नाटकलाई गीतिमय पनि बनाइएको छ । यसका अतिरिक्त सरसफाइ, स्वास्थ्य, आपसी माया, सद्भाव, मित्रताको सन्देश पनि यसले दिएको छ । नाटकको भाषा सरल छ । नाटकमा अङ्क र दृश्य विभाजन गरिएको छैन । यो नाटकलाई **पेटुपेन-मेरो असल साथी** नामबाट २०६२ भदौ ३० गते सेन्ट जेभियर्स कलेज माइतीघरको हलमा पहिलोपल्ट मञ्चन गरिएको थियो । त्यसपछि पनि पम्किन थिएटर हलमा र विभिन्न विद्यालयमा गरी यो नाटक १५ पटक मञ्चन भइसकेको छ ।